आज मिति २०७९/०३/१९ गते विहानको ८:०० बजेको समयमा श्री उच्च सरकारी वकील कार्यालय, धनकुटा सह-न्यायाधिवक्ता श्री गोविन्द खनाल ज्यूको संयोजकत्वमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १९४ अनुसुची १ र २ अन्तर्गतका कसूर सम्बन्धी मुद्दाको अनुसन्धान तथा अभियोजनसँग संलग्न निकायहरुका बीच आवश्यकता अनुसार समन्वय कायम गरी अनुसन्धान तथा अभियोजन सम्बन्धी कार्यमा प्रभावकारिता कायम गर्न र कार्यालयको समन्वय समितिको बैठकमा तपशिलका सदस्यहरुको उपस्थितिमा छलफल गरी देहाय बमोजिमको निर्णय गरियो।

## उपस्थिति:

१. श्री गोविन्द खनाल (सह-न्यायाधिवक्ता, उच्च सरकारी वकील कार्यालय, धनकुटा) - संयोजक
२. श्री युवराज कट्टेल (प्रमुख जिल्ला अधिकारी, जि. प्रशासन कार्यालय, धनकुटा) - सदस्य
३. श्री विकासराज खनाल (प्रहरी वरिष्ठ उपरिक्षक, नेपाल प्रहरी प्रदेश कार्यालय, धरान) -सदस्य
४. श्री गोकुल बहादुर निरौला ( उप न्यायाधिवक्ता, उच्च सरकारी वकील कार्यालय, धनकुटा) - सदस्य सचिव

**आमन्त्रित सदस्य:**

१. श्री रुद्रमणि गिरी, रजिष्ट्रार, उच्च अदालत विराटनगर, धनकुटा ईजलाश।
२. श्री लक्ष्मीराज अधिकारी, प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, धनकुटा।
३. श्री दिनेश पौडेल, अध्यक्ष, उच्च अदालत विराटनगर, धनकुटा ईजलाश, वार ईकाई।

**सहयोगी कर्मचारीहरु:**

१. ना. सु. श्री दिपक कार्की, उच्च सरकारी वकील कार्यालय, धनकुटा।
२. ना. सु. श्री रमेश राई, उच्च सरकारी वकील कार्यालय, धनकुटा।
३. लेखापाल श्री अनिशा शर्मा, उच्च सरकारी वकील कार्यालय, धनकुटा।

**प्रस्तावहरु:**

१. यौन हिंसा अध्यादेश, २०७८ ले गरेका नयाँ व्यवस्थाहरुको वारेमा छलफल।
२. सम्मानित महान्यायाधिवक्ताको कार्यालयबाट प्राप्त बलात्कार सम्वन्धी कसुरको वारेमा विभिन्न भाषामा तयार पारिएको श्रव्य प्रचार सामग्री प्रसारण सम्वन्धमा।
३. एकीकृत कानूनी सहायता नीति, २०७६ को विषयमा छलफल सम्वन्धमा।

४. अभद्र व्यवहार सम्वन्धी मुद्दामा प्रहरी कर्मचारी प्रतिवेदक भई जाहेरी दर्ता सम्वन्धमा ।

५. सरकारी कर्मचारी प्रतिवेदक भएका मुद्दाको वकपत्र सम्वन्धमा ।

६. मुद्दाको मिलापत्र, म्याद थप, वकपत्र, प्रमाण संकलनका विद्यमान कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन समेतका सम्वन्धमा ।

**निर्णयहरुः**

१. प्रस्ताव नं. १ का सम्वन्धमा छलफल गर्दा, यौन हिंसा विरुद्धका केही ऐनलाई संशोधन गर्न बनेको अध्यादेश, २०७८ ले गरेको व्यवस्थाहरुको बारेमा छलफल गरी सो अध्यादेशमा भएका व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयनको व्यवस्था गर्ने गराउने ।

२. प्रस्ताव नं. २ का सम्वन्धमा छलफल गर्दा, सम्मानित महान्यायाधिवक्ताको कार्यालयबाट प्राप्त बलात्कारसम्बन्धी कसुरको बारेमा विभिन्न भाषामा तयार पारिएको श्रव्य प्रचार सामग्री प्रसारणको लागि स्थानीय तहसँग समन्वय गरी एफ. एम. मार्फत प्रचार प्रसारको लागि स्थानीय निकायहरुमा अनुरोध गरी पठाउने ।

३. प्रस्ताव नं. ३ का सम्वन्धमा एकीकृत कानूनी सहायता नीति,२०७६ ले गरेको व्यवस्था बमोजिम कानूनी सहायता सम्वन्धी ऐन, २०५४ मा हुने संसोधन सम्वन्धमा वुँदागत टिपोट तयार गरी थप सुझावको रूपमा केन्द्रिय कानूनी सहायता समितिमा थप सुझावको रूपमा लेखी पठाउने ।

४. मुलुकी अपराध संहिता, २०७४ को दफा ११८ मा भएको अभद्र व्यवहार गर्न नहुने कसुरका सम्वन्धमा प्रहरी प्रतिवेदनको आधारमा पनि मुद्दा अनुसन्धान गर्ने गराउने गरेको भन्ने आम गुनासो सुन्नमा आएको छ । उक्त कानुनी व्यवस्थाले राष्ट्रसेवक भन्ने वाक्यांस उल्लेख नगरेको, ऐ. संहिताको दफा ६६ मा राष्ट्रसेवकलाई वाधा विरोध गर्न नहुने, ऐ. संहिताको दफा ८५ मा आफ्नो पदीय कर्तव्यको पालना गर्न लागेको राष्ट्रसेवकलाई बाधा विरोध पुऱ्याउन नहुने भनि कानुनी व्यवस्था भैरहेकोले यथासम्भव अभद्र व्यवहारको उजुरी पीडित/सरोकारवालाहरूबाट लिने व्यवस्था मिलाउने ।

५. प्रहरी कर्मचारीले वकपत्र गर्नुपर्ने प्रहरीको प्रतिवेदनबाट उठान भएका मुद्दाहरुमा अदालत तथा सम्बन्धित निकायमा बकपत्र गर्दा पूर्व प्रतिवेदनको व्यहोरासँग नबाझिने गरि बकपत्र गर्ने गराउने व्यवस्था गर्ने ।

६. मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४ को दफा ११७(२) को व्यवस्था बमोजिम सर्वसाधारणको ठगी सम्बन्धी मुद्दामा पीडित र प्रतिवादी दुवै पक्षले मुद्दाको अनुसन्धानको क्रममा आफुहरु मिलेको भनि मुद्दा मिलापत्रका लागि

अनुसन्धान अधिकृत वा सरकारी वकील समक्ष दरखास्त गरेमा सो दरखास्तको व्यहोरा एकीन गरी मजवुन सम्झाई व्यहोरा सनाखत गरेको समेत अवस्थामा कानूनि व्यवस्थाको आधारमा जिल्ला सरकारी वकीलसँग समन्वय गरी मुद्धा नचलाउने गरी अनुसन्धान प्रतिवेदन पेश गर्ने व्यवस्था गर्ने ।

७. महान्यायाधिवक्ताको कार्यालयको च. नं. ४५, मिति २०७७/०६/२२ मा जारी "अभियोजन सुधार सम्वन्धी निर्देशन"लाई पूर्ण पालना गर्ने गराउने व्यवस्था गर्ने ।

८. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक संलग्न रहेका मुद्दाको अनुसन्धान तहकिकात गर्दा सम्वद्ध सवै पक्ष थप संवेदनशिल भई कर्तव्य पालन गर्ने गराउने ।

९. मानव अधिकारको संरक्षण र सम्वर्धन गर्दै विधिको शासन कायम राख्ने सम्वन्धमा आगामी दिनमा सम्वद्ध निकायहरु वीच थप समन्वयात्मक र सहयोगात्मक सम्वन्धको विकास र विस्तार गर्दै लैजाने ।